# जोरायल गाउँपालिका
## रावतकट्टे, डोटी

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक सामाजिक परीक्षण



# कार्यक्रम प्रतिवेदन

**सामाजिक परीक्षक संस्था :**

नजर मिडिया प्रा.लि. डोटी

Najar Media Pvt. Ltd.
Estd.-2077
Dipayal Silgadhi-6 Doti

# कार्यकारी सारांश

सामाजिक परीक्षण भनेको कुनै संस्था, सरकारी निकाय वा विकास आयोजनाले गरेका कार्य, खर्च, उपलब्धि र सेवाप्रवाहको सार्वजनिक रूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने प्रक्रिया हो। यसले संस्था र नागरिकबीच पारदर्शिता तथा जवाफदेहिता कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ । सामाजिक परीक्षण संस्था वा आयोजनाको आम्दानी, खर्च, निर्णय र गतिविधिबारे नागरिकलाई जानकारी गराउन, सम्बन्धित निकायलाई आफ्ना काम तथा निर्णयप्रति नागरिकसमक्ष उत्तरदायी बनाउन, सार्वजनिक सहभागिता सुनिश्चित गर्न, स्रोतको सदुपयोग भए–नभएको हेर्न, अनियमितता तथा भ्रष्टाचार न्यूनीकरण गर्न, सेवाको गुणस्तर सुधार गर्न, समावेशिता र सामाजिक न्याय प्रवद्र्धन गर्न र सुधारका लागि सुझाव प्राप्त गर्न गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) मा स्थानीय तहहरुले समाजिक परीक्षण गर्नुपर्ने प्रावधान छ । यसै अनुसार जोरायल गाउँपालिकाले सामाजिक परीक्षण कार्यविधि, २०७८ को अधिनमा रही जोरायल गाउँपालिकाको कार्यालय, डोटीको आर्थिक वर्ष २०८२/०८३ को सामाजिक परीक्षण गरिएको छ ।

गाउँपालिकाले उक्त आर्थिक बर्षमा सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय निकायसँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । सामाजिक परीक्षणका लागि गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्वन्धित कर्मचारी तथा सरोकारवालाहरूसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

१. **गाउँपालिकाको सामाजिक जिम्मेवारी सम्पादनतर्फ यस सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु यसप्रकार छन् -**

- करको दायरा विस्तार र प्रणालीगत सुधार मार्फत गाउँपालिकाको इतिहासमै हालसम्मकै उच्च आन्तरिक राजस्व सङ्कलन गर्न सफल ।
- प्रभावकारी स्वास्थ्य सेवाका कारण मातृ मृत्युदर शून्यमा झारेको ।
- २४ सै घण्टा आकस्मिक पशुपन्छी स्वास्थ्य सेवा र महामारीजन्य रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिएको ।
- विपन्न कृषकहरूलाई जीविकोपार्जनका लागि बाख्रापालन अनुदान वितरण गरिएको ।
- घुम्ती शिविरमार्फत माटो परीक्षण, कृषि बिमा, प्रविधि हस्तान्तरण र मिनिकिट वितरण गरिएको ।
- २ वटा घरको नक्सापास सम्पन्न गरी निर्माण इजाजत पत्र जारी गरिएको ।
- पुराना भवनहरूको कानुनी प्रक्रिया पुरा गरी अभिलेखिकरण गरिएको ।
- १० वर्षे गाउँ शिक्षा योजना (२०७८-२०८७) निर्माण गरी कार्यान्वयनमा ल्याइएको ।
- आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन ।

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

- नमुना बालविकास केन्द्रहरू सञ्चालन।
- कम विद्यार्थी भएका विद्यालय एवं बालविकास केन्द्रहरूको समायोजन।
- वैदेशिक रोजगारीबाट फर्केका ११ जना व्यक्तिहरूलाई पुनःस्थापना।
- योजनाहरूको निरन्तर अनुगमन सुपरीवेक्षण गरिएको।

२. **समाजिक परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने पक्षहरु यस प्रकार छन -**

- वर्षा याममा सडक क्षति हुन नदिन नाली तथा पानीको उचित निकास व्यवस्थापन गर्नुपर्ने।
- सडकको नियमित मर्मतसम्भार र संरक्षणलाई प्राथमिकता दिनुपर्ने।
- विकास निर्माणका योजनाहरु दीर्घकालीन सोचका आधार निर्माण गरिनुपर्ने।
- बजार क्षेत्रमा फोहर व्यवस्थापनका लागि उचित प्रबन्ध गरिनुपर्ने।
- कृषिलाई थप प्रविधिमैत्री बनाईनुपर्ने।
- योजना निर्माण गर्दा स्थानीय रोजगारी सिर्जना हुने खालका योजनाहरु छान्नु पर्ने।
- प्राविधिक शिक्षामा जोड दिनुपर्ने।
- जोरायल–बुडर सडक छिटो कालोपत्रे गर्नुपर्ने।
- कृषि उत्पादनको समर्थन मुल्य कामय गर्नुपर्ने।
- जारिमघाट खोलामा पक्की पूल निर्माण पहिलो प्राथमिकतामा राखिनुपर्ने।

३. **गाउँपालिकाले देखेका मुख्य समस्याहरु -**

- बजेट विनियोजन र योजना तर्जुमामा सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय कमी।
- बालविवाहका कारण २० वर्ष मुनिका गर्भवती महिलाको सङ्ख्यामा वृद्धि भई प्रजनन स्वास्थ्यमा जटिलता
- दरबन्दी अनुसारका कर्मचारी पदपूर्ति हुन नसक्दा सेवा प्रवाहमा अप्ठ्यारो हुनु।
- संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान कटौती हुनु।
- ठेकेदारको लापरवाहीले गर्दा निर्माण कार्य अलपत्र पर्नु।
- इन्टरनेट र विद्युतमा आउने समस्याका कारण अनलाइन सेवा प्रवाहमा बाधा आउनु।
- प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अवलम्बन गरी अत्याधिक दोहन रोक्न नसक्नु।
- भौगोलिक दुरीका कारण बिद्यालय समायोजनमा समस्या हुनु।
- शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान गर्न समस्या।

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

**<u>सामाजिक परीक्षकको तर्फवाट</u>**

सामाजिक परीक्षणको अवधारणा बेलायत लगायत केही युरोपीयन मुलुकहरुमा सन १९७० को दशकमा उद्योग, व्यापार र रोजगारीको क्षेत्रमा भएको पाईन्छ । त्यसैवेलादेखि सामाजिक परीक्षणलाई आर्थिक क्षेत्रमा भन्दा पनि सामाजिक क्षेत्रमा केन्द्रित गरिएको पाईन्छ । नेपालमा सरकारले गरेका कामहरु पारदर्शी हुनु पर्ने, जनताले सरकारका हरेक गतिबिधिको सूचना पाउनु पर्ने र सरकार जनताप्रति जवाफदेही हुनु पर्ने माग २०५० सालमा उठेको पाईन्छ । प्रतिपक्ष दलहरुवाट संसदमै पारदर्शीता, जवाफदेहीता र सुशासनको बिषयमा आवाज उठेपछि तत्कालीन सरकारले सरकारका हरेक क्रियाकलापहरु पारदर्शी हुने र सरकार जनताप्रति अवाफदेही हुने प्रतिवद्धता व्यक्त गरेको थियो । द्वन्द्व कालमा उक्त प्रतिवद्धता पुरा हुन सकेन । नेपालमा कार्यरत अन्तराष्ट्रिय गैससहरुले उक्त बिषयलाई उठान गर्दै आए । त्यसपछि सरकारले सार्वजनिक निकायहरुमा सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्न सुरु गर्यो ।

अहिले सबै सार्वजनिक निकायहरुमा वर्षमा एक पटक सामाजिक परीक्षण अनियवार्य रुपमा गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ को दफा ३ अनुसार आ.व. समाप्त भएको ४ महिनाभित्र सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कानूनी तथा नीतिगत व्यवस्था हुँदाहुँदै पनि डोटी जिल्लाका स्थानीय तहहरुले सामाजिक परीक्षण गरिरहेका छैनन् । यस अवस्थामा बिगत ४ वर्षदेखि जोरायल गाउँपालिकाले सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको पाईएको छ । यसरी नै अन्य स्थानीय तहहरु र सबै सार्वजनिक निकायहरुले पनि विधिवत् रुपमा सामाजिक परीक्षण गर्न सके राम्रो हुने देखिन्छ ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सामाजिक परीक्षण कार्यशाला यही मिति २०८३ साल भाद्र २६ गते सम्पन्न भएको छ । सामाजिक परीक्षणका क्रममा आवश्यक सहयोग तथा मार्गनिर्देशन गर्नुहुने गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा ज्यू, उपाध्यक्ष जमुना बोहरा ज्यू, प्रमुख प्रशासकीय गणेशदत्त भट्ट ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, सभाका सदस्यहरु, गाउँपालिकाका सम्पूर्ण शाखा/ईकाईका प्रमुख तथा अन्य कर्मचारीहरुप्रति सामाजिक परीक्षण सहजीकरण गर्ने संस्था नजर मिडिया प्रा.लि.डोटीको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । यस्तै सूचना संकलनको क्रममा आवश्यक सूचना तथा प्रतिवेदन उपलव्ध गराई दिने विषयगत कार्यालयका प्रमुख तथा सवै कर्मचारीहरु, गैससका पदाधिकारी तथा कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्न चाहान्छौं । बिभिन्न शाखाबाट सूचना संकलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गाउँपालिकाका सूचना अधिकारी श्री चन्द्रसिंह ऐडी ज्यूलाई पनि धन्यवाद छ ।

सामाजिक परीक्षणको कार्यशाला गोष्ठीमा सहभागि भई सामाजिक परीक्षकहरुबाट प्रस्तुत गरिएको प्रतिवेदनमा रचनात्मक टिप्पणी तथा आवश्यक सुझावहरु दिएर प्रतिवेदनलाई पूर्णता दिनमा सहयोग पुर्याउनु हुने सप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

Najar Media Pvt. Ltd.
Estd.-2077
Dipayal Silgadhi-6 Doti

गाउँपालिकाको सामाजिक परीक्षणका क्रममा थुप्रै रचनात्मक सुझावहरु आएका छन । ति सुझावहरुको कार्यान्वयनमा गाउँपालिका, राजनीतिक दलका आदरणीय नेता ज्यूहरु र बिषयगत कार्यालयहरुको समेत महत्वपूर्ण भुमिका रहनेछ भन्ने आशा वोकेको छु । गाउँपालिका एक्लैले गरेर समग्र बिकास र सुशासन कायम हुन सक्दैन । त्यसैले सबैको पहलकदमीका लागि सामाजिक परीक्षकको तर्फबाट आग्रह समेत गर्दछौं ।

धन्यवाद ।

**सामाजिक परीक्षकहरु**

१. रामहरि ओझा

२. झलक पाली

३. केशव नारायण जोशी

**सहजीकरण गर्ने संस्था**

नजर मिडिया प्रा.लि.डोटी

मिति : २०८३/०६/०८

# सामाजिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

सामाजिक परीक्षण भनेको कुनै संस्था, सरकारी निकाय वा विकास आयोजनाले गरेका कार्य, खर्च, उपलब्धि र सेवाप्रवाहको सार्वजनिक रूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने प्रक्रिया हो। यसले संस्था र नागरिकबीच पारदर्शिता तथा जवाफदेहिता कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ। सामाजिक परीक्षण संस्था वा आयोजनाको आम्दानी, खर्च, निर्णय र गतिविधिबारे नागरिकलाई जानकारी गराउन, सम्बन्धित निकायलाई आफ्ना काम तथा निर्णयप्रति नागरिकसमक्ष उत्तरदायी बनाउन, सार्वजनिक सहभागिता सुनिश्चित गर्न, स्रोतको सदुपयोग भए–नभएको हेर्न, अनियमितता तथा भ्रष्टाचार न्यूनीकरण गर्न, सेवाको गुणस्तर सुधार गर्न, समावेशिता र सामाजिक न्याय प्रवद्र्धन गर्न र सुधारका लागि सुझाव प्राप्त गर्न गरिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) मा स्थानीय तहहरुले समाजिक परीक्षण गर्नुपर्ने प्रावधान छ। यसै अनुसार जोरायल गाउँपालिकाले सामाजिक परीक्षण कार्यविधि, २०७८ को अधिनमा रही जोरायल गाउँपालिकाको कार्यालय, डोटीको आर्थिक वर्ष २०८२/०८३ को सामाजिक परीक्षण गरिएको छ।

गाउँपालिकाले उक्त आर्थिक बर्षमा सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय निकायसँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो। सामाजिक परीक्षणका लागि गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्वन्धित कर्मचारी तथा सरोकारवालाहरूसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो। यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ। उक्त कार्यबिधि अनुसार सामाजिक परीक्षणका लागि विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ। साथै, निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ। सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समितिको गठन समेत गर्न सक्दछ। तर, समन्वय समितिको गठन बाध्यात्मक भने छैन।

सामाजिक जिम्मेवारी पूरा गरे/नगरेको सम्वन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ। छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ। यसलाई स्थानीय निकायको योजना तर्जुमाका विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ। यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्मको आंकलन गर्न सामाजिक

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्ने गर्दछ । यसैको आधारमा भविश्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निश्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०७८ को अधिनमा रही जोरायल गाउँपालिकाले विधिवत् रुपमा सामाजिक परीक्ष कार्य गर्ने अभ्यास अन्तरगत आर्थिक वर्ष २०८२/०८३ को सामाजिक परीक्षण गरेको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

- स्थानीय तहको लक्ष्य/उद्देश्य र उपलव्धीबीचको दुरी पत्ता लगाई सुधारको योजना बनाउने ।
- स्रोतको समानुपातिक वितरण र सहयोग गर्ने प्रक्रियाका सबै क्रियाकलापहरुलाई पारदर्शी बनाउने ।
- स्थानीय तहलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने ।
- गाउँपालिकाको कार्यसम्पादन प्रक्रिया थप प्रभावकारी बनाउने ।

## ३. सामाजिक परीक्षण सम्वन्धी कानुनी व्यवस्था

- अहिले सवै सार्वजनिक निकायहरुमा वर्षमा एक पटक सामाजिक परीक्षण अनियवार्य रुपमा गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) अनुसार स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नु पर्ने अनिवार्य गरिएको छ ।
- गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ को दफा ३ अनुसार आर्थिक बर्ष सम्पन्न भएको मितिले चार महिनाभित्र सामाजिक परीक्षण गरिसक्नु पर्ने उल्लेख छ ।

## ४. सामाजिक परीक्षण गर्दा अपनाइएका विधिहरू

- दस्तावेज अध्ययन
- समूह छलफल
- बहिर्गमन मत संकलन
- अवलोकन
- व्यक्तिगत भेटघाट

## ५. विधिहरूको प्रक्रिया

### १. सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय तह सम्वन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- वार्षिक नीति तथा कार्यक्रम र बजेट
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदन
- गाउँपालिकाका अन्य अभिलेखहरु र प्रकाशनहरू

**२. अन्तरवार्ता र समूह छलफल**

- जनप्रतिनिधिहरु, शाखा प्रमुखसँग अर्धसंरचित (semi-structured) अन्तरवार्ता गरिएको थियो। प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा अध्ययन।

**३. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

- गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ को अनुसूची २ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसारका शीर्षकमा केन्द्रीकृत रही छलफलका लागि प्रस्तुत गरिएको थियो।
- गत सामाजिक परीक्षणका निष्कर्षहरू
- गत सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सुझावहरू संकलन

**६. सामाजिक परीक्षणको सिमा** :

जोरायल गाउँपालिकाको सामाजिक परीक्षण भएता पनि गाउँपालिकाभित्र क्रियासिल र गाउँपालिकाको विकासमा प्रत्येक्ष वा अप्रत्येक्ष रुपमा योगदान दिने केही सरकारी तथा गैहसरकारी संस्थाहरूबाट भएका प्रयास तथा उपलब्धीलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ। छोटो समयावधी र सिमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस किसिमका सम्पूर्ण संस्थाहरूलाई भने समावेश गर्न सकिएको छैन। साथै, अधिकांश सूचनाहरू द्वितीय श्रोतबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन्।

**७. सामाजिक परीक्षाण कार्यशालाको बिवरण**

१. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

क) कार्यशाला मिति : २०८३ भाद्र २६ गते

ख) स्थान : जोरायल गाउँपालिकाको कार्यालय, डोटी

ग) समय : १.०० देखि ४:१५ बजेसम्म

घ) उपस्थिति : ५२ जना

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

ङ) कार्यक्रम सञ्चालक : चन्द्रसिं ऐडी (योजना अधिकृत, जोरायल गाउँपालिका)

च) सभाध्यक्ष : दुर्गादत्त ओझा (गाउँपालिका अध्यक्ष)

छ) सहभागिहरु

: जमुना बोहरा (गाउँपालिका उपाध्यक्ष)

: गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)

: वडाध्यक्षहरू

: कार्यपालिका सदस्यहरु

: गाउँ सभाका सदस्यहरू

: बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु

: सेवाग्राहीका प्रतिनिधिहरु

: सञ्चारकर्मी

: गैरसरकारी संस्थाका प्रतिनिधिहरू

ज) सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत : रामहरी ओझा (सामाजिक परीक्षक)

झ) खुला छलफलको सहजीकरणमा बुँदा टिपोट : झलक पाली (सामाजिक परीक्षक)

ञ) धन्यवाद ज्ञापन तथा समापन मन्तव्य : गाउँपालिकाका अध्यक्षद्वारा आएका सुझावहरु कार्यान्वयन गर्ने प्रतिवद्धता सहित कार्यक्रम समापन भएको जानकारी।

## ८. गाउँपालिकाका आर्थिक बर्ष ०८२/०८३ का राम्रा अभ्यासहरु

- करको दायरा विस्तार र प्रणालीगत सुधारमार्फत गाउँपालिकाको इतिहासमै हालसम्मकै उच्च आन्तरिक राजस्व सङ्कलन गर्न सफल।
- प्रभावकारी स्वास्थ्य सेवाका कारण मातृ मृत्युदर शून्यमा झारेको।
- २४ सै घण्टा आकस्मिक पशुपन्छी स्वास्थ्य सेवा र महामारीजन्य रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिएको।
- विपन्न कृषकहरूलाई जीविकोपार्जनका लागि बाख्रापालन अनुदान वितरण गरिएको।
- घुम्ती शिविर मार्फत माटो परीक्षण, कृषि बिमा, प्रविधि हस्तान्तरण र मिनिकिट वितरण गरिएको।
- २ वटा घरको नक्सापास सम्पन्न गरी निर्माण इजाजत पत्र जारी गरिएको।
- पुराना भवनहरूको कानुनी प्रक्रिया पुरा गरी अभिलेखिकरण गरिएको।
- १० वर्षे गाउँ शिक्षा योजना (२०७८-२०८७) निर्माण गरी कार्यान्वयनमा ल्याइएको।
- आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन।
- नमुना बालविकास केन्द्रहरू सञ्चालन।
- कम विद्यार्थी भएका विद्यालय एवं बालविकास केन्द्रहरूको समायोजन।
- वैदेशिक रोजगारीबाट फर्केका ११ जना व्यक्तिहरूलाई पुनःस्थापना।
- योजनाहरूको निरन्तर अनुगमन सुपरीवेक्षण गरिएको।

Najar Media Pvt. Ltd.
Estd.-2077
Dipayal Silgadhi-6 Doti

**९. समाजिक परीक्षणवाट देखिएका सुधार गर्नु पर्ने पक्षहरु यस प्रकार छन :**

- वर्षायाममा सडक क्षति हुन नदिन नाली तथा पानीको उचित निकास व्यवस्थापन गर्नुपर्ने ।
- सडकको नियमित मर्मतसम्भार र संरक्षणलाई प्राथमिकता दिनुपर्ने ।
- विकास निर्माणका योजनाहरु दीर्घकालीन सोचका आधार निर्माण गरिनुपर्ने ।
- बजार क्षेत्रमा फोहर व्यवस्थापनका लागि उचित प्रबन्ध गरिनुपर्ने ।
- कृषिलाई थप प्रविधिमैत्री बनाईनुपर्ने ।
- योजना निर्माण गर्दा स्थानीय रोजगारी सिर्जना हुने खालका योजनाहरु छान्नुपर्ने ।
- प्राविधिक शिक्षामा जोड दिनु पर्ने ।
- जोरायल– बुडर सडक छिटो कालोपत्रे गर्नुपर्ने ।
- कृषि उत्पादनको समर्थन मुख्य कामय गर्नु पर्ने ।
- जारिमघाट खोलामा पक्की पूल निर्माण पहिलो प्राथमिकतामा राखिनुपर्ने ।

**१०. गाउँपालिकाले देखेका मुख्य समस्याहरु**

- बजेट विनियोजन र योजना तर्जुमामा सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय कमी ।
- बालविवाहका कारण २० वर्ष मुनिका गर्भवती महिलाको सङ्ख्यामा वृद्धि भई प्रजनन स्वास्थ्यमा जटिलता ।
- दरबन्दी अनुसारका कर्मचारी पदपूर्ति हुन नसक्दा सेवा प्रवाहमा अप्ठ्यारो हुनु ।
- संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान कटौती हुनु ।
- ठेकेदारको लापरवाहीले गर्दा निर्माण कार्य अलपत्र पर्नु ।
- इन्टरनेट र विद्युतमा आउने समस्याका कारण अनलाइन सेवा प्रवाहमा बाधा आउनु ।
- प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अवलम्बन गरी अत्याधिक दोहन रोक्न नसक्नु ।
- भौगोलिक दुरीका कारण बिद्यालय समायोजनमा समस्या हुनु ।
- शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान गर्न समस्या ।

**११. गाउँपालिकाका आ.ब. ०८२/०८३ का मुख्य मुख्य उपलव्धीहरु**

- करको दायरा विस्तार र प्रणालीगत सुधार मार्फत गाउँपालिकाको इतिहासमै हालसम्मकै उच्च आन्तरिक राजस्व सङ्कलन गर्न सफल ।
- प्रभावकारी स्वास्थ्य सेवाका कारण मातृ मृत्युदर शून्यमा झारेको ।
- २४ सै घण्टा आकस्मिक पशुपन्छी स्वास्थ्य सेवा र महामारीजन्य रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिएको ।
- विपन्न कृषकहरूलाई जीविकोपार्जनका लागि बाख्रापालन अनुदान वितरण गरिएको ।
- घुम्ती शिविर मार्फत माटो परीक्षण, कृषि बिमा, प्रविधि हस्तान्तरण र मिनिकिट वितरण गरिएको ।

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

- २ वटा घरको नक्सापास सम्पन्न गरी निर्माण इजाजत पत्र जारी गरिएको ।
- पुराना भवनहरूको कानुनी प्रक्रिया पुरा गरी अभिलेखिकरण गरिएको ।
- १० वर्षे गाउँ शिक्षा योजना (२०७८-२०८७) निर्माण गरी कार्यान्वयनमा ल्याइएको ।
- आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन ।
- नमुना बालविकास केन्द्रहरू सञ्चालन

धन्यवाद ।

**सामाजिक परीक्षकहरु**

१. रामहरी ओझा

२. झलक पाली

३. केशवनारायण जोशी

**सहजीकरण गर्ने संस्था**

नजर मिडिया प्रा.लि. डोटी

मिति : २०८३/०६/०८ गते

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

## कार्यशाला गोष्ठीमा प्रस्तुत भएको समाजिक परीक्षकको प्रतिवेदन

### १. गाउँपालिकाको प्रारम्भिक जानकारी

#### क) संक्षिप्त परिचय

यस गाउँपालिका क्षेत्रको नाम "जोरायल" किन रहन गयो भन्ने बिषयमा एकमत देखिदैन । तर महाभारतको कथा अनुसार भीमले जरासन्ध नामक राक्षकलाई दुई तिघ्रा समातेर बिचोबिच च्यातेर फाल्दा एक भाग यस क्षेत्रमा परेको हुँदा जरासन्धबाट 'जरालय' हुँदै 'जोरायल' भएको हो भन्ने धैरैको मत छ । कौरवहरुसंग जुवा हारेपछि १२ बर्षको बनबास र एक बर्षको गुप्तबासका क्रममा संयोगले एकदिन उनीहरू 'जोरायलको शिरस्थानस्थित चौडे़थल महाभारत पर्वत' मा आइपुगे । चौडे़थल जगत्तड़ी पर्वतको बसाइसितै एकदिन त्यहाँबाट तलतिर पर्ने 'जोरायल'को भौगोलिक दृश्य हेर्न जाँदा चौतर्फी प्राकृतिक सुन्दरताले ओतप्रोत भएको र बीचमा उपत्यका जस्तो परेको सम्म फाँटलाई जलमग्न अवस्थामा देखे । त्यो जलमग्नताको रहस्य बुझ्न समग्र भूगोल परीक्षण गर्दा त्यसको पुछारस्थान अर्थात् निकास मार्ग 'नङ्गेउठी' (बेत्थीखोला) भन्ने ठाउँमा वरपरबाट दुईवटा डाँडाहरू सतहदेखि आपसमा मिलेको र माथिको भाग एक आपसमा खुला रहँदा सतहबाट पानी जम्मा भएर त्यसको झण्डै १०० मिटर माथिबाट पानी उतातिर छहरा जस्तो भई बग्दा जलमग्नता रहेको देखे ।

उनीहरुले जोरायलको जल निकास गरेर त्यसलाई बस्ती योग्य बनाइदिने योजना सहित दुई डाँडाहरू जोडि़एको ठाउँ 'नङ्गेउठीमा' जल निकासमार्ग बनाए । यसरी जोरायलको जल निकास भइसकेपछि विगतमा जलमग्न स्थानको भू–भाग कहाँ के–कस्तो रहेछ भनी माथि हेर्दै जाँदा हालको सिलङ्गीबाग भन्ने ठाउँमा एउटा अजङ्ग र अर्धअंग भएको जीव त्यहाँ लडिबुडी गरिरहेको अवस्थामा देखियो । 'मगध देशमा राक्सस जरासन्धसँग भगवान श्रीकृष्णको युद्ध हुँदा पाण्डव भ्राता भीमले भगवान कृष्णको संकेतमा दुई खुट्टा समाति च्यातेर अर्धअंग बनाई शरीरको एउटा आधा फक्लेटो आकास मार्ग तिर फाल्ने क्रममा कसरी–कसरी यहाँ आइपरेको प्रत्याभूति हुन पुग्यो किनभने मगध देशमा भएको 'जरासन्ध+कृष्ण' युद्धमा पाण्डव सखाहरू सहभागी थिए भन्ने कुरा श्रीमद्भावगत महापुराणको 'दशंम्–स्कन्ध'मा आख्यानात्मक वर्णन पाइन्छ ।

राक्सस जरासन्धले त्यहाँका राजा–महाराजादेखि सर्वसाधारण जन जीवनमाथि हिंसात्मक आतंक र उपद्रो मचाएका कारण युद्धमा यस्तो दुर्दशा गरिएको कुरा अवगत भएपछि उसको सचेतन शारीरिक अर्धांशले पुनः जोरायल क्षेत्रमा पनि त्यसै किसिमको पीड़ा–आतंक पार्ला भन्ने पाण्डवहरूले जरासन्धको बध गरे । त्यसैले यसको नाम जोरायल रहन गएको हो भन्ने जनश्रुति छ ।

यस्तै चारैतिर डाँडाकाँडा भएको र विचमा समथर जग्गा भएको र उक्त जग्गा जलासययुक्त अवस्थामा रहेकोले पहिलो 'जलासय' नाम रहेको र पछि जलासयबाट अपभ्रंश हुँदै जोरायल भएको भन्ने भनाई पनि छ । जल निकास भई बसोवास गर्न योग्य भएपछि उक्त स्थानमा बिभिन्न ठाउँका व्यक्तिहरु बसोवास गर्न आएका कारण यसलाई "जोडीजाडी जोरायल" भन्ने गरेको पनि सुनिन्छ । एकथरीको बुझाईमा जोरायलको शीर्षस्थानमा 'ज्वालादेवी' (जरादेवी) विराजमान भएकीले सोही नामाक्षरको आधारमा 'जोरायल' भएको हो भन्ने छ । भू–बनोट अनुसार भित्री मधेश जस्तो ठाउँ हुँदा विगतमा यहाँ औलो ज्वरोको प्रकोप भइरहने हुँदा 'जोरायल' भएको हो भन्ने पनि छ ।

समग्रमा हेर्दा जरासन्ध नामको राक्षकको अंगको एक भाग जोरायलमा परेको र त्यो भागको बध गरिएको हुँदा नै यसलाई जोरायल भनिएको हो भन्ने तर्क नै बलियो देखिन्छ ।

Najar Media Pvt. Ltd.
Estd.-2077
Dipayal Silgadhi-6 Doti

स्थानीय तहको पुनर्संरचना गर्ने क्रममा यस क्षेत्रका ६ गाउँ विकास समितिहरु (छतिवन, घण्टेश्वर, सरस्वतीनगर, लक्ष्मिनगर, निरौली र गड्सेरा) मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकामा हाल ६ वडा रहेका छन् ।

ऐतिहासिक धार्मिक एवं पर्यटकीय क्षेत्र तेले लेगसंग जोडिएको यस गाउँपालिकामा बिभिन्न प्रकारका संस्कृति र सम्पदाहरु रहेका छन् ।

**ख) सिमाना :**

पूर्व : बडीकेदार गाउँपालिका, डोटी

पश्चिम : डडेल्धुरा जिल्ला

उत्तर : शिखर नगरपालिका र डडेल्धुरा जिल्ला

दक्षिण : कैलाली जिल्ला

**ग) राजनैतिक एवम् प्रशासनिक विभाजन**

प्रदेश : सुदूरपश्चिम

जिल्ला : डोटी

गाउँपालिका : जोरायल

केन्द्र : वडा नं. ३, राउतकट्टे

गाउँपालिकाका वडा संख्या : ६

**घ) भौगोलिक स्थिति :**

समुद्री सतह देखिको उचाई : ११२६ मि.

आक्षाँश : २९० ३२’ ००”

देशान्तर : ८००६८’ ८९”

कुल क्षेत्रफल : ४१९.०९ बर्ग किलोमिटर

**ङ) स्थानीय बजार तथा व्यापारिक केन्द्र**

| वडा नं. | बजारको नाम |
|---|---|
| १ | गैरा, घोरडी, गोगनपानी, मणीपुर, खडिना, सुन्लेक, गोल्डेन, भानाकोट, बेल्चाप्लान |
| २. | बुडर, गरुड, रुपसकाँडा, बाझीलेक, भट्टीखोला, पत्तडा, छतिवन, मिलचौराह, बसेनी, कमलानदी, मेल्खोला, धारापानी, क्रेसर बजार, रिठा |
| ३. | उपरकोट, राउतकट्टे, चनकटे, सेला |
| ४ | बाजीलेक, क्याम्पस रोड, चौराहा, देउथला, खैगाड, हाट, सिलङ्गीबाघ, खैरखोला, छेपन्ना, जिरो प्वाइन्ट |
| ५ | सिस्मडा, सेराबजार, खहडा, चौकी, खतेडा, मनोहर बजार, लेकाली, वडिगाड, खल्वस्ता |
| ६ | खसरे, निरौली, कफलतडी, बागबजार, सितलबजार, शिर्षिखेत, जारिमघाट, गुनड |

## च) जनसंख्या विवरण :

जम्मा जनसंख्या : १९७८८

महिला : १००७०

पुरुष : ९७१८

जनघनत्व : ४७

परिवार संख्या : ४३२०

लैङ्गिक अनुपात : ९६.५०

साक्षरता प्रतिशत : ७७.८ (महिला : ६८.९, पुरुष : ८७.१) (**स्रोत :** *जनगणना*, २०७८)

मतदाता संख्या : १३६८८ (स्रोत : निर्वाचन आयोग)

मतदान केन्द्र संख्या : १०

## *छ) १५ बर्षमूनीको जनसंख्या*




**स्रोत** : *राष्ट्रिय जनगणना, २०७८*

## ज) अपाङ्गता भएका व्यक्तिहरुको संख्या

| अपाङ्गता वर्ग | संख्या | | | गत बर्ष | अघिल्लो बर्ष |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | |
| क | १४ | २२ | ३६ | ३५ | ३५ |
| ख | ३९ | ५८ | ९७ | ९४ | ९७ |
| ग | १३ | ३२ | ४५ | ४७ | ४५ |
| घ | १६ | ३८ | ५४ | ६६ | ६३ |
| जम्मा | ८२ | १५० | २३२ | २४२ | २४० |

**स्रोत** : *जोरायल गाउँपालिका, डोटी (२०८३)*

**झ) भु-उपयोगको अवस्था**

| क्र.स. | प्रकार | क्षेत्रफल (हेक्टरमा) | गत बर्ष | *अघिल्लो बर्ष* |
|---|---|---|---|---|
| १ | सिँचाई हुने कृषियोग्य जमिन | ५१९ | ५१८ | २०1० |
| २ | सिचाइ सुविधा नभएको कृषियोग्य जमिन | **००** | ०० | १२००० |
| ३ | कृषियोग्य बाझो जमिन | ८९७ | ९०० | ६००० |

**स्रोत** *: जोरायल गाउँपालिका, डोटी (२०८३)*

**ञ) गाउँपालिकाका मुख्य कृषि उत्पादनहरू**

**१) मुख्य बालीको उत्पादन क्षेत्रफल**

| क्र.स. | बालीको नाम | क्षेत्रफल | | |
|---|---|---|---|---|
| | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| १ | मकै | १२०० | ५०५ | ५०७ |
| २ | धान | १००० | ५१० | ५१० |
| ३ | गहुँ | ८०० | ४०० | ४०५ |
| ४ | जौ | २०० | १५१ | १५५ |
| ५ | कोदो | ३० | ५ | ०.२ |
| ६ | तोरी | ७० | ७ | ५ |
| ७ | आलु | ३०० | ७५ | ७७ |
| ८ | तरकारी | १२०० | ५१० | ५१७ |
| ९ | फलफूल | ५०० | ५१५ | ५१७ |
| १० | दलहन बाली | ९०० | ७०० | ७०० |
| ११ | मसला बाली | ८०० | ६०० | ६०२ |
| १२ | औधोगिक बाली | १ | ५ | ५ |

**स्रोत** *: जोरायल गाउँपालिका, डोटी (२०८३)*

**२) मुख्य बाली र उत्पादन दर (प्रति हेक्टर)**

| क्र.स. | बालीको gfd | क्षेत्रफल | | |
|---|---|---|---|---|
| | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| १ | मकै | ४ | ४.५ | ४.५ |
| २ | धान | ४.५ | ६.४ | ६.४ |

Najar Media Pvt. Ltd.
Estd.-2077
Dipayal Silgadhi-6 Doti

| | | | | |
|---|---|---|---|---|
| ३ | गहुँ | २.५ | ३.४ | ३.४ |
| ४ | जौ | २.५ | ३.६ | ३.६ |
| ५ | कोदो | २.५ | ३.५ | ३.५ |
| ६ | तोरी | ०.५ | १.५ | १.५ |
| ७ | आलु | १५ | १३ | १३ |
| ८ | तरकारी | १४ | ५ | ५ |
| ९ | फलफूल | १२ | ६ | ६ |
| १० | दलहन बाली | २ | ४.५ | ४.५ |
| ११ | मसला बाली | १७ | १.३८ | १.३८ |
| १२ | औधोगिक बाली | ४.५ | ३ | ३ |

**स्रोत** *: जोरायल गाउँपालिका, डोटी (२०८३)*

३) मुख्य बाली र उत्पादन

| **क्र.स.** | **बालीको gfd** | **कुल उत्पादन** | | |
|---|---|---|---|---|
| | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| १ | मकै | ४८०० | २२७३ | २२८१.५ |
| २ | धान | ४५०० | ३२६४ | ३२६४ |
| ३ | गहुँ | २००० | १३६० | १३७७ |
| ४ | जौ | ५०० | ५४३.६ | ५४३.६ |
| ५ | कोदो | ७५ | १७.५ | ०.७ |
| ६ | तोरी | ३५ | १०.५ | ७.५ |
| ७ | आलु | ४५०० | ९७५ | १००१ |
| ८ | तरकारी | १६८०० | २५५० | २५८५ |
| ९ | फलफूल | ६००० | ३०९० | ३१०२ |
| १० | दलहन बाली | १८०० | ३१५० | ३१५० |
| ११ | मसला बाली | १३६० | ८२८ | ८३०.७५ |
| १२ | औधोगिक बाली | ४५ | १५ | १५ |

**स्रोत** *: जोरायल गाउँपालिका, डोटी (२०८३)*

## ट) सामाजिक सेवा तथा फोहर मैला व्यवस्थापन

- एम्वुलेन्स : २
- व्याकहो लोडर : १

- ट्याक्टर : १
- सार्वजनिक शौचालय संख्या : ४
- फोहर मैलाको उचित व्यवस्थापन सम्वन्धी कार्य भएको छैन ।

## ठ) शैक्षिक स्थिति

### १) शैक्षिक संस्था संख्या

| क्र.स | शैक्षिक संस्थविवरण | संख्या | | | गत बर्ष |
|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | |
| १ | वाल विकास केन्द्र | ६४ | ४ | ६८ | ६७ |
| | आधारभूत बिद्यालय | ४४ | ४ | ४८ | ४८ |
| ४ | माध्यमिक विद्यालय | ११ | ० | ११ | ११ |
| ५ | फरक प्रकृतिका माध्यमिक | ० | ० | ० | ० |
| ६ | प्राबिधिक शिक्षालय | ० | ० | ० | ० |
| ७ | स्नातक र स्नातकोत्तर तह | १ | १ | २ | २ |

### २) बिद्यार्थी संख्या

| क्र.स. | तह | बिद्यार्थी संख्या | | | गत बर्ष | अघिल्लो बर्ष |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | | |
| १ | वाल विकास केन्द्र | ४८९ | ५५४ | १०४३ | १०६९ | १०३१ |
| २. | आधारभूत तह (१-५) | ११०३ | १८३९ | २९४२ | २४५४ | ३४४७ |
| ३ | आधारभूत तह (६-८) | ६८८ | ७२६ | १४१४ | १४८५ | १५३२ |
| ४. | माध्यमिक तह (९-१०) | ३५७ | २५७ | ६१४ | ६४३ | ६५२ |
| ५ | माध्यमिक तह (११-१२) | १८६ | ११६ | ३०२ | ३६७ | १३५ |
| **कुल जम्मा** | | २८२३ | ३४९२ | ६३१५ | ६०१८ | ६७९७ |

### ३. शिक्षक संख्या

| क्र.स. | तह | जम्मा दरवन्दी | | | |
|---|---|---|---|---|---|
| | | दरवन्दी | राहात | नीजि श्रोत | जम्मा |
| १ | वाल विकास केन्द्र | ४६ | ० | १८ | ६४ |

Najar Media Pvt. Ltd. Estd.-2077 Dipayal Silgadhi-6 Doti

| | | | | | |
|---|---|---|---|---|---|
| २. | आधारभूत तह (१–५) | ९७ | ६१ | ३८ | १९६ |
| ३ | आधारभूत तह (६–८) | २१ | १७ | २५ | ६३ |
| ४. | माध्यमिक तह (९–१०) | १६ | १८ | २१ | ५५ |
| ५ | माध्यमिक तह (११–१२) | ० | ८ | ८ | १६ |

***स्रोत** : जोरायल गाउँपालिका, डोटी (२०८३)*

**ट) स्वास्थ्य सेवा**

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| २. | स्वास्थ्य चौकी | ५ |
| ३. | वर्थिङ् सेण्टर | ८ |
| ४. | आयुर्वेदिक औषधालय | १ |
| ५. | माइक्रोसकोपीक सेन्टर | ३ |
| ६. | ल्याब सेवा | ६ |
| ७. | गाउँघर क्लिनिक | २२ |
| ८. | खोप केन्द्र | २९ |
| ९. | महिला स्वास्थ्य स्वयंसेविका | ७९ |

**स्रोत** : *जोरायल गाउँपालिका, डोटी*

**२. गाउँपालिकाका लक्ष्य तथा उद्देश्यहरू :**

**२.१ लक्ष्य** : "सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना"

**२.२ उद्देश्यहरू**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी अभिवृद्धि गर्ने।
- सर्वसाधारणको जीवनस्तर, आयआर्जन र रोजगारीका अवसरहरूमा वृद्धि गर्ने।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्ने।

Najar Media Pvt. Ltd.
Estd.-2077
Dipayal Silgadhi-6 Doti

- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने ।
- दिगो विकासका साथै वातावरण संरक्षण र संवर्द्धनमा टेवा पुऱ्याउने ।
- पूर्वाधार विकास तथा ग्रामीण विद्युतीकरणको पहुँच विस्तार गर्ने ।
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोगलाई प्रोत्साहन गर्ने ।
- प्रभावकारी सार्वजनिक सेवा प्रवाह र सुशासनको प्रत्याभूति गर्ने ।
